(स्थानीय सरकार सञ्चालन ऐन,२०७४ दफा १०२ उपदफा १०३ संग सम्बन्धित )

बागमती नगरपालिका

# बागमती नगरपालिकाको राजपत्र

खण्डः १ संख्याः १८ मितिः २०७५/९/९

**भाग-२**

**बागमती नगरपालिका**

## स्वयम सेवक शिक्षक सम्बन्धी कार्यविधि, २०७५

**नगरकार्यपालिका बाट निर्णय मिति :२०७५-०९-०७**

**नगर प्रमुखबाट प्रमाणिकरण मिति :२०७५।९।८**

### प्रस्तावना

विद्यालय शिक्षाको गुणस्तर उकासी बालमैत्री बातावारणमा शिक्षण सहज बनाइ सिकाई उपलब्धि बृद्दी गर्न सामुदायिक विद्यालयमा शिक्षक दरवन्दी पर्याप्त नभएको अबस्थामा शिक्षण सिकाईलाई गुणस्तरीय र प्रभावकारी बनाउने उद्देश्यले नगर शिक्षा ऐन २०७५को दफा ३७ को १ बमोजिम नगरकार्यपालिकाले मिति २०७५/9/7 मा यो कार्यविधि स्वीकृत गरी जारी गरेकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**
   क. यस कार्यविधिको नाम " स्वयम सेवक शिक्षक सम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।
   ख. यो कार्यविधि कार्यपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा–
   क. "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।
   ख. "ऐन" भन्नाले “स्थानीय सरकार सञ्चालन ऐन २०७४ र नगर शिक्षा ऐन २०७५” सम्झनु पर्दछ ।
   ग. "कार्यविधि" भन्नाले “ बागमती नगरपालिकामा स्वयम सेवक शिक्षक सम्बन्धी कार्यविधि, २०७५” सम्झनु पर्दछ ।
   घ. "कार्यालय" भन्नाले नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ङ. " स्वयम सेवक शिक्षक " भन्नाले दफा ५ बमोजिम छनोट भई सम्झौता गरेको स्वयंसेवी शिक्षक सम्झनु पर्दछ ।

च. "समिति" भन्नाले दफा ५ बमोजिम गठित छनौट समिति सम्झनु पर्दछ ।

**३. कार्यविधि लागू हुने क्षेत्र र सेवाः** (१) नगरपालिकाको मिति २०७५-०९-०७ को निर्णय र नगर शिक्षा ऐन २०७५ को दफा (३७) को (1) को प्रयोग गरि स्वयम सेवक शिक्षक राख्ने प्रयोजनको लागि यो कार्यबिधि स्विकृत गरि लागु गरिएको हो।

(२) यो कार्यबिधि बागमती नगरपालिकाको सम्पूर्ण सामुदायिक बिद्यालयमा लागु हुनेछ ।

**४. स्वयमसेवक शिक्षक सम्बन्धी व्यबस्था ;**

१.नगरभरका सामुदायिक विद्यालयको शिक्षण सिकाईलाई प्रभावकारी बनाउन तथा सर्वसाधारणको गुणस्तरीय शिक्षामा पहुच पुर्याउन स्वयमसेवक शिक्षकको ब्यबस्था गरिनेछ ।

२. उपदफा १ बमोजिम स्वयमसेवक शिक्षक राख्ने प्रत्येक विद्यालयले स्वयमसेवक शिक्षक राख्नुपर्ने पर्याप्त आवश्यकता खुलेको ब्यबस्थापन समितिको निर्णय सहित शिक्षा शाखामा निवेदन दिनुपर्नेछ ।

३. उपदफा २ बमोजिम निवेदन उपर शिक्षा शाखाले विद्यालयको अनुगमन गरि आवश्यक ठानेमा स्वयमसेवक शिक्षक राख्ने अनुमति दिन सक्नेछ । स्वयमसेवक शिक्षक कोटा नगर शिक्षा समिति वा कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

४.नगर शिक्षा शाखाले स्वयमसेवक शिक्षक राख्ने अनुमति दिएमा विद्यालयले आफ्नो लेटरप्याडमा ७ दिनको समय राखी सुचना प्रकाशित गर्नु पर्नेछ ।

५.उपदफा ४ बमोजिमको सुचना अनुसार आवेदकले बिद्यालय व्यवस्थापन समितिले तोकेको शुल्क सहित विद्यालयमा दरखास्त दिनुपर्नेछ ।

६. स्वयमसेवक शिक्षकको योग्यता देहाय बमोजिम हुनेछ ।

क.नेपाली नागरिक

ख.१८ वर्ष उमेर पुरा गरि ४० वर्ष ननाघेको ,

ग.१-५ पढाउन १०+२ पास ,६-८ पढाउन सम्बन्धित बिषयमा १०+२ ,र ९-१० पढाउन सम्बन्धित बिषयमा स्नातक गरेको हुनुपर्ने ।

**५. स्वयमसेवक शिक्षक छनौट सम्बन्धी व्यवस्थाः**

१. विद्यालयमा दफा ४ बमोजिमका स्वयमसेवक शिक्षक सम्झौता गरि राख्ने प्रयोजनको लागि देहाय बमोजिम छनौट समिति हुनेछः

क. नगर शिक्षा शाखाको प्रमुख वा शाखाले तोकेको प्रतिनिधि - अध्यक्ष

ख. सम्बन्धित बिद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा अध्यक्षले तोकेको समिति भित्रको व्यक्ति - सदस्य

ग.सम्बन्धित विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

२ तर नगरपालिकाले नगर स्तरीय शिक्षक छनोट समिति बनाएर समेत स्वयमसेवक शिक्षक छनोट गर्न सक्नेछ । सो प्रयोजनको लागी देहाय बमोजिमको छनोट समिति रहनेछ ।

क.प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

ख. नगर शिक्षक महासंघ अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्ति - सदस्य

ग.शिक्षा शाखा प्रमुख/वा प्रमुखले तोकेको व्यक्ति - सदस्य सचिव

३ .उपदफा १ बमोजिम स्वयमसेवक शिक्षक छनोट गर्न दुई जना बिषय बिज्ञको प्रयोग गर्नु पर्नेछ ।

४ .उपदफा २ बमोजिमको बिज्ञको योग्यता आधारभूत तहका लागि स्नातक र माध्यामिक तहमा स्नातकोत्तर भएको स्थायी शिक्षक हुनेछ ।

५.उपदफा १ बमोजिमको समितिले विद्यालयलाइ स्वयमसेवक शिक्षक सम्झौताको लागि ब्यबस्थापन समितिमा सिफारिस गर्नेछ र सो बमोजिमको स्वयमसेवक शिक्षकलाई विद्यालयले स्वयमसेवी सेवा सम्झौता गर्नेछ । स्वयमसेवी सेवा सम्झौताको नमुना अनुसूची १ बमोजिम हुनेछ ।

तर यस कार्यविधि लागु हुनु अगावै विद्यालयमा कामगर्दै आएका स्वयमसेवकलाई शिक्षण कार्य गर्न सक्ने क्षमताको आधारमा पहिल्यैदेखि काम गर्दै आएको र शिक्षण कार्य उत्कृष्ट रहेको सत्य व्योहरा उल्लेख गरि व्यबस्थापन समितिबाट निर्णय गरी स्वयमसेवी सेवा सम्झौता गरी कामकाज गर्न बाधा भएको मानिने छैन।यसरी समझौता गर्नु अघि शिक्षा शाखासंग समन्वय गर्नु पर्नेछ ।यो व्यवस्था विद्यालयमा कार्यबिधि लागूहुनु अघिदेखि स्वयमसेवकको रूपमा कार्यरत स्वयमसेवी हरुको लागी मात्र हुनेछ ।

६. स्वयमसेवक शिक्षक छनोटका लागि लिखित, अन्तर्वार्ता र कक्षा अवलोकन परीक्षा संचालन हुनेछ ।

७.उपदफा ५ बमोजिम परीक्षा १०० पुर्णाक को हुनेछ ।जसमा लिखित परिक्षामा सम्बन्धित तहको बिषयको ज्ञान सम्बन्धी ६० अंकको ६ ओटा प्रश्न र शिक्षण सिप सम्बन्धी 20 अंकको 2 प्रश्न सोधिनेछ । बाँकी १० अंकको अन्तर्वार्ता र १० अंकको कक्षा अवलोकन हुनेछ ।लिखित परीक्षाको उत्तीर्ण अंक ५० % हुनेछ ।

८.उपदफा ४ बमोजिम बिद्यालयमा काम गर्ने स्वयमसेवक शिक्षकले नगर कार्यपालिकाले तोके बमोजिम निर्वाह खर्च पाउनेछ । यस्तो निर्वाह खर्च नगरपालिकाले विद्यालयलाई एकै पटक वा पटक पटक अनुदान स्वरुप उपलब्ध गराउनेछ।

९. यस कार्यविधि बमोजिम सम्झौता गर्दा सामान्यतया शैक्षिक सत्रको बैशाख १ (एक) गते देखि अर्को वर्षको चैत मसान्त सम्मका लागि मात्र सम्झौता गर्नु पर्नेछ । तर उक्त पदले गर्नुपर्ने काम प्रभावकारी नदेखिएमा वा नगरपालिकाले उपलब्धि सन्तोषजनक नभएको महसुस गरेमा सम्झौताको अवधि घटाउन वा हटाउन सक्नेछ ।

१०. उपदफा ८ बमोजिम एक शैक्षिक सत्रको स्वयमसेवकको रुपमा स्वयमसेवी सेवा सम्झौतागरे पनि पुनः अर्को वर्षको लागि स्वयमसेवी सेवा सम्झौता लिनु परेमा पुनः परिक्षण, छनौट र शुरू सम्झौता सरह मानि सम्झौता गरिनेछ ।

११. स्वयमसेवकले स्वेच्छाले सेवा गर्न नचाहेमा कम्तीमा १ (एक) महिना अगाडी बिद्यालयमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ र विद्यालयले सो को जानकारी तुरुन्त लिखित रुपमा शिक्षा शाखामा जानकारी गराउनुपर्नेछ। यसरी जानकारी नगराई काम छोडेमा त्यस्तो व्यक्तिलाई फेरी सेवा गर्ने अवसर दिईने छैन ।

१२. यस दफा विपरितको अवधि उल्लेख गरी वा सम्झौतामा उल्लेख भए भन्दा बढी रकम भुक्तानी दिएमा त्यसरी अवधि उल्लेख गर्ने वा रकम भुक्तानी गर्ने प्र.अ.,शिक्षक,बिद्यालय कर्मचारी तथा शिक्षा शाखा कर्मचारीको तलव भत्ताबाट कट्टा गरी असूल उपर गरिनेछ र विभागीय कारवाही समेत गरिनेछ ।

६.**कार्य शर्त, पारिश्रमिक र अवधि :** (१) यस कार्यविधि बमोजिम स्वयमसेवक सम्झौता गरिएका स्वयमसेवकलाई न्यूनतम जीवन निर्वाह खर्च उपलब्ध गराइनेछ ।यस्तो खर्च नगर परिषद वा कार्यपालिका निर्णयले तोके बमोजिम हुनेछ ।

**७.सम्झौता समाप्तीः** (१) यस कार्यविधि बमोजिम राखिएको स्वयमसेवकको स्वयमसेवी सेवा सम्झौता नगरपालिकाले उपलब्ध गराउने अनुदान रकम विद्यालयमा प्राप्त नभए स्वयमसेवी सम्झौता स्वत अन्त्य भएको मनिनेछ ।

८ बिदा सम्बन्धी व्यबस्था : (१) स्वयमसेवक शिक्षकले हरेक महीनामा बढीमा २ दिन बिदा पाऊनेछ ।यस्तो बिदा अधिकार नभएर सहुलियत मात्र हुनेछ । बिदा बस्नुअघि प्रधानाध्यापक संग बिदा स्वीकृत गरेर मात्र बिदा बस्नुपर्नेछ ।यस्तो बिदा संचित हुनेछैन ।

२.सुत्केरी हुने र किरिया बिदा बस्नुपर्ने स्वयमसेवक शिक्षकलाइ प्रचलित नियमअनुसार बिदा दिइनेछ ।तर सुत्केरी बिदा बसेको भए अस्पतालको सुत्केरी भएको प्रमाण खुलेको कुनै पत्र र जन्मदर्ता ,किरिया बिदा बसेको भए मृत्यु दर्ताको प्रमाण पत्र बिदा सकिएको ७ दिन भित्र पेश गर्नुपर्नेछ ।

**९.विविधः** यस कार्यविधि कार्यान्वयन क्रममा थप व्यवस्था गर्नु परेमा यस कार्यविधि तथा प्रचलित कानूनसँग नबाझिने गरी नगरपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

अनुसूची १ (दफा ५को उपदफा ४ बमोजिम )

**स्वयमसेवी सेवा सम्झौता**

श्री .......................विद्यालय

श्री ......................

...........................

बिषय : स्वयमसेवी सेवा सम्झौता सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा तपाईलाई स्वयमसेवक शिक्षक छनोट सम्बन्धी कार्यविधि २०७५ बमोजिम गठित स्वयमसेवक शिक्षक छनोट समितिको सिफारिस तथा विद्यालय व्यस्थापन समितिको मिति ......................को निर्णय बमोजिम स्वयमसेवक शिक्षकको रुपमा शै.स.२०...को लागि सेवा सम्झौता गरि एक एक प्रति आपसमा बुझेका छौं ।नगरपालिकाले निर्धारण गरेको जीवन निर्वाह् खर्च उपलब्ध गराइने /लीइने छ तथा नगरपालिका बाट निर्वाह् खर्च उपलब्ध नभएमा स्वत: सम्झौता समाप्त भएको मानिनेछ ।

सम्झौता गरि कामकाज गर्नेको
नाम :
सहि :
पद :
मिति :

सम्झौता गरि कामकाज गराउनेको
नाम :
सहि :
पद :
मिति :

बोधार्थ :
१.श्री बागमती नगरपालिका शिक्षा शाखा ।
२.श्री बागमती नगरपालिका लेखा शाखा ।
३.श्री.........................,नियमानुसार कामकाज गर्नहुन।

आज्ञाले,
विमल कुमार पोखरेल
प्रमुख प्रशासकीय अधिकृत